# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
कोशी प्रदेश, नेपाल

प.सं. :०८१/०८२ (महिला, बालबालिका तथा ज्येष्ठ नागरिक)
च.नं. :

मितिः- २०८१/११/११
नेपाल संवत :- ११४५ सिल्लागा दशमी

---

(दफा १४ सँग सम्बन्धित )

**अपाङ्गता सहायता सहजकर्ता पदका लागि दरखास्त आव्हान गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति :-२०८१/११/११

यस अर्जुनधारा नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक पर्ने सम्पूर्ण सूचना तथा परामर्श सेवा प्रदान गर्नेका लागि स्थापना गरिने अपाङ्गता सहायता कक्षका लागि प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा एकजना अपाङ्गता सहायता सहजकर्ताको पदपूर्ति गर्नुपर्ने भएकोले आवश्यक न्यूनतम योग्यता पुगेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ । यसका लागि तोकिएको दरखास्त फाराममा भर्नुपर्ने सम्पूर्ण विवरणहरु भरी पासपोर्ट साइजको फोटो १ प्रति टाँस गरी सोका साथ आफ्नो नेपाली नागरिकता, अपाङ्गता परिपत्र-पत्र र दरखास्त दिने पदको लागि तोकिएको अन्तिम शैक्षिक योग्यता प्रमाण-पत्रको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको राजस्व भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी यस अर्जुनधारा नगरपालिकाको कार्यालय समक्ष पेश गर्नुपर्नेछ । रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परिक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन । साथै, प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उमेद्वारहरुको दर्खास्त उपर कुनै कारवाही हुने छैन । झुट्टा विवरण उल्लेख गरी दर्खास्त फाराम भरेमा सोको जवाफदेही दरखास्तवाला स्वयं हुनुपर्नेछ ।

१. विज्ञापन नं 2/081/82
२. पदः- अपाङ्गता सहायता सहजकर्ता ( अपाङ्गता भएको व्यक्ति मात्रै)
३. माग संख्याः- १ जना
४. सेवाको किसिमः- करार सेवा
५. दरखास्त बुझाउने अन्तिम मिति :- २०८१/११/२६ (विज्ञापन भएको मिति १५ दिनभित्र)
६. उमेद्वारको छनौट विधि :- प्रत्यक्ष मौखिक अन्तर्वार्ता तथा अन्य विविध पक्षको मूल्याङ्कन

तिलोचन रिमाल
प्रमुख प्रशासकीय अधिकृत

# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
कोशी प्रदेश, नेपाल

प.सं. :०८१/०८२ (महिला, बालबालिका तथा ज्येष्ठ नागरिक) मिति:- २०८१/११/११
च.नं. :
नेपाल संवत :- ११४५ सिल्लागा दशमी

---

७. दर्खास्त फाराम प्राप्त गर्ने र बुझाउनुपर्ने स्थान :- अर्जुनधारा नगरपालिकाको कार्यालयबाट प्राप्त गरी उक्त फाराम भरी कार्यालयमा बुझाउनुपर्ने ।

८. परीक्षा दस्तुर :- रु ३००/- (अक्षरेपी रु तीनसय मात्र)

९. परीक्षा दस्तुर बुझाउने प्रक्रिया :- नगरपालिकाको राजस्व शाखामा शुल्क तिरेको विल फारामसाथ पेश गर्नुपर्नेछ ।

१०.परीक्षा संचालन हुने मिति, समय र स्थान :-दरखास्त फाराम भर्ने अन्तिम म्याद सकिएको २ दिनभित्र यस अर्जुनधारा नगरपालिकाको सुचना पार्टीमा टाँस गरिनेछ ।साथै, वेभसाइट र फेसबुक पेजमा समेत प्रकाशित गरिनेछ ।

११. आवेदन स्वीकृत / अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार सहजकर्ता छनौट तथा सिफारिस समितिमा निहित रहनेछ ।

१२. मासिक तलब :- करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१३. आवश्यक न्युनतम योग्यता :-

- नेपाली नागरिक
- अपाङ्गता भएको व्यक्ति
- मान्यताप्राप्त शिक्षण संस्थाबाट +२ वा सो सरह उत्तीर्ण गरेको ।
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।
- अपाङ्गता सम्बन्धी काम गर्ने सरकारी तथा गैरसरकारी संस्थामा काम गरेको अनुभव भएको , कम्प्युटर सम्बन्धी तालिम लिएको, बहिरा नागरिकको लागि साङ्केतिक भाषा दोभाषे तालिम प्राप्त गरेको, स्थानीय अपाङ्गता भएको महिलालाई बिशेष प्राथमिकता दिइनेछ ।

तिलोचन रिमाल
प्रमुख प्रशासकीय अधिकृत